## सन्देश

२०७२ सालमा खानेपानी तथा सरसफाइ मन्त्रालयको स्थापना पश्चात हामीहरू यस क्षेत्रको सुधारको प्रक्रियामा निरन्तर लागि रहेका छौं। हाम्रा क्षेत्रगत योजना, नीति र कानुनहरू नयाँ मस्यौदाका साथसाथै संशोधनको प्रक्रियामा छन् र छिट्टै नै कार्यान्वयनमा आउने छन्। हालसम्म मन्त्रालयले तयार गरेका दस्तावेजहरू मध्येको यो 'खासस्व' क्षेत्र विकास योजना पहिलो हो। खानेपानी तथा सरसफाइ मन्त्रालयको मन्त्रीको रूपमा यो १५ वर्षे 'खासस्व' क्षेत्रलाई पथ प्रदर्शन गर्ने योजना नेपाल सरकारको तर्फबाट स्वीकृतिको लागि मन्त्रीपरिषद्मा पेश गर्ने सुअवसर प्राप्त गरेकोमा म गौरवान्वित छु।

सन् २०१७ सम्ममा सबैका लागि आधारभूत खानेपानी र सरसफाइका सुविधाहरू पुऱ्याउने राष्ट्रिय लक्ष्य प्राप्त गर्ने क्रममा बाढी, पहिरो र भूकम्प जस्ता धेरै विपद्हरू र विभिन्न वाधा अवरोधहरू आईपरेता पनि हामीले आशा मारेका छैनौ। नेपालमा सरसफाइको अभियान विगतका केही वर्षहरूमा द्रुत गतिमा अगाडि बढेकोले फलत: हालसम्ममा शत-प्रतिशत घरधुरीमा चर्पीको पहुँच पुगेको छ। अव खानेपानी तर्फ थप प्रयास लगाउनु पर्ने भएको छ।  महत्वपूर्ण कुरा के छ भने नेपालको संबिधानले खानेपानी र सरसफाइलाई नागरिकको आधारभूत हकको रूपमा प्रत्याभूत गरेको छ। नेपालले क्षेत्रीय र अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको राष्ट्रिय लक्ष्य प्राप्ती र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्न पनि हाम्रा प्रयासहरूमा बढी भन्दा बढी तीब्रता दिनुपर्ने आबश्यकता छ।

यो मस्यौदा तयारीमा क्षेत्रगत साझेदारहरूको उच्च सहभागितात्मक संलग्नता रहेकोमा म सन्तुष्ट छु। जसले यो योजना कार्यान्वयन गर्न सबैले स्वामित्व ग्रहण गर्ने कुराको प्रत्याभूत गर्दछ। मलाई आशा छ यो क्षेत्र विकास योजना 'खासस्व' क्षेत्रको आउँदो १५ वर्षका हाम्रा आवश्यकता, पर्याप्त र सुरक्षित खानेपानी प्राप्त गर्ने चाहना, घर आँगनमा यथोचित सरसफाइका सुविधाहरू र ती सुविधाहरू दिगो बनाउनको लागि पथप्रदर्शन गर्ने दस्तावेज हुने छ। यो योजनाको पहिलो चरण देशको संक्रमणकालीन संघीय शासन प्रणालीको शुरुवात सँग मेल खान गएको छ। त्यसका लागि धेरै नयाँ 'खासस्व' संस्थाहरूको स्थापना गर्नुपर्ने र साविकका धेरै संस्थाहरूको भूमिका रुपान्तरण गर्नुपर्ने छ।

हाल यस क्षेत्रले सामना गरिरहेका मुख्य चुनौतिहरूलाई यो क्षेत्र विकास योजनाले समेटेको देख्न पाउँदा म उत्साही बनेको छु। यसले बिकास साझेदारहरूबीचको सामञ्जस्यता, सरकारको नीति र सिद्धान्तसँग 'खासस्व' कार्यक्रमहरूको आवद्धता र क्षेत्रगत एकत्रीकरणको अनुसरणलाई विश्लेषण गरेको छ।  त्यस बाहेक यो योजनाले सम्पूर्ण योजना अवधिलाई मुख्य रणनीतिक समयखाकाका आधारमा सन् २०१७ देखि २०३० सम्मका लागि तीन भागमा बाँडेर आवश्यक पर्ने लगानीको आँकलन गर्दै दिगो विकासका लक्ष्यहरू र राष्ट्रिय योजना प्रणालीसँग पनि आवद्ध गरेको छ। बृहत्तर राष्ट्रिय योजना तर्जुमासँग तालमेल मिलाउन राष्ट्रिय योजना आयोगसँग समेत छलफल गरी प्राप्त पृष्टपोषणहरूलाई पनि यस दीर्घकालीन योजनामा समावेश गरिएको छ। यस योजनामा भिजन २०३० जस्ता सरकारको राजनीतिक प्रतिबद्धता र दिगो विकास लक्ष्यहरू जस्ता अन्तर्राष्ट्रिय प्रतिज्ञा मुखरित भएको छ। लगानीका श्रोत सम्बन्धमा यो योजना व्यवहारिक छ, किनभने समयक्रममा यसमा सर्वसाधारण, विकास साझेदार र निजी क्षेत्रको समेत लगानी आकर्षित हुने संभावनाहरू खुला राखिएका छन्।

दीर्घकालीन योजनाको तयारीमा मन्त्रालयको प्रयासको फलस्वरूप असल संकेतका रूपमा सरकारले बिगत केही वर्षदेखि 'खासस्व' बजेटमा यथेष्ट वृद्धि गर्दै आएको छ। आवश्यकता अब केवल यस क्षेत्रको क्षमता अभिवृद्धि गर्ने, इमान्दार प्रतिबद्धता र यो योजना कार्यान्वयन गर्न यस क्षेत्रका सबै सरोकारवालाहरूको एकीकृत प्रयासको मात्र छ। मन्त्रालयका तत्कालीन खानेपानी तथा बातावरण महाशाखा प्रमुख एबम् क्षेत्रगत क्षमता अभिवृद्धि एकाइका संयोजकको अगुवाईमा यो क्षेत्र विकास योजना मस्यौदा तयार गर्ने समूहका अन्य पदाधिकारीहरूको अथक मेहनतको सराहना गर्दछु। मन्त्रालयको अबको तत्कालको कार्य भनेको यस योजनाको पहिलो चरणको बिस्तृत कार्यक्रमको खाका तयार गरी सम्बन्धित निकायहरूलाई यो क्षेत्र विकास योजनाको माइलस्टोनहरू अनुसारको कार्यान्वयन योजना तयार गर्न सघाउने नै हुने छ। म इच्छा राख्दछु र प्रतिबद्ध छु कि यो क्षेत्र विकास योजनाको कार्यान्वयन सफतापूर्वक होस र सबै नागरिकले राम्रो 'खासस्व' सेवा पाइरहन सकुन्।

बिना मगर

मन्त्री, खानेपानी मन्त्रालय
नेपाल सरकार

# सन्देश

वितेको दशकदेखि नेपालले खानेपानी तथा सरसफाइ क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। विशेषगरी २०६८ सालमा सरसफाइ तथा स्वच्छता गुरु योजनाको तर्जुमा भई कार्यान्वयनमा आए पछि विभिन्न सामाजिक–आर्थिक र सांस्कृतिक अवरोधका बावजुद पनि सरसफाइमा पहुँचको दरमा भएको वृद्धि प्रशंसनीय रहेको छ। २०७२ बैशाखको भूकम्प पश्चातको अप्ठेरो अवस्था हुँदाहुँदै पनि खुला दिसामुक्त नेपाल र २०७४ साल सम्म सबैलाई आधारभूत स्तरको खानेपानी सेवा पुऱ्याउन प्रयास गरिरहेका छौं। खानेपानी तथा ढल व्यवस्थापन विभागको पछिल्लो प्रतिवेदनले हालसम्म खानेपानीको आधारभूत स्तरको सेवामा ८८% जनसंख्यामा पहुँच पुगेको देखाएको छ भने १००% घरधुरीमा चर्पीको पहुँच पुगिसकेको छ। जवकि संयुक्त अनुगमन कार्यक्रम (JMP, 2015) को मानकका हिसाबले भने सरसफाइको पहुँच केवल ४६% देखाएको छ। यसको अर्थ नेपालले अझैपनि सरसफाइमा सहश्राब्दी लक्ष्य हासिल गर्न सकेको छैन भन्ने देखाउन खोजेको छ, अर्कोतिर सुरक्षित खानेपानीको पहुँच ९३% जनसंख्यामा पुगेको देखाएको छ। यद्यपि, विभिन्न स्रोतहरूको आधारमा हेर्दा तथ्याङ्कमा असमानता रहेको भएतापनि अब लक्ष्यका अङ्कहरू भन्दा बाहिर गएर सोच्न आबश्यक छ। वैदेशिक र आन्तरिक स्रोतहरू परिचालन गरी अन्तर्राष्ट्रिय विकासका लक्ष्यहरू र राष्ट्रिय लक्ष्य प्राप्त हुन सक्ने भए तापनि यसले नतिजाहरूको प्रभावकारीता सुनिश्चित गर्न सक्दैन। बिगतमा यस 'खासस्व' क्षेत्रको दीर्घकालीन योजना नबनेको भएतापनि २०६२ सालमा 'राष्ट्रिय जल योजना' तयार भएको थियो, तर त्यो ज्यादै सामान्यीकृत थियो, जुन कार्यान्वयनमा आउन नै सकेन। हाल सम्म 'खासस्व' क्षेत्रको कार्यक्रमहरूको कार्यान्वयन आवधिक योजना र वार्षिक बजेटद्वारा निर्देशित हुँदै आएको थियो। खानेपानी तर्फ निरन्तर र लगानीका बावजुद पनि आधारभूत र सुधारिएको खानेपानीको सेवाहरूमा उल्लेख्य बृद्धि देख्न सकिएको छैन।

यस क्षेत्र विकास योजनाले तोकेका लक्ष्य, कार्यबुँदा र सुझावहरूलाई सरसर्ति हेर्दा व्यावहारिक र कार्यान्वयन गर्न सकिने खालका छन् भन्ने लागेको छ। यसले क्षेत्रगत एकत्रीकरण, संस्थागत र कानुनी सुधार, क्षेत्रगत संस्थाहरूको क्षमतामा विकास, क्षेत्रगत समन्वय र सामञ्जस्य, व्यवस्थापन सूचना प्रणाली (MIS), निर्णय सहयोगी प्रणाली (DSS) का लागि बलियो दूरदृष्टि, विशेषगरी जलस्रोत व्यवस्थापनमा र समग्रमा 'खासस्व' क्षेत्रमा कुशल र प्रभावकारी व्यवस्थापन गर्ने, निजी क्षेत्रलाई उत्साहित गर्ने, वातावरण संरक्षण गरी जलवायु परिवर्तनका मुद्दालाई व्यवस्थापन गर्ने, क्षेत्रगत लगानीमा वृद्धि गर्ने, सबै नागरिकमा सुविधाहरूको पहुँच विस्तार गर्ने, सेवाको स्तरलाई परिभाषित गरी बृद्धि गर्ने र प्रणालीहरू तथा सेवाको स्तरमा दिगोपनाको सुनिश्चितता गर्ने तर्फ जोड दिएको छ।

यो योजनाको मस्यौदा तयारीमा संरक्षकत्व गर्नु हुने मेरा अग्रजहरू र यसलाई अन्तिम रुप दिने कार्यमा समन्वय गर्नुहुने मन्त्रालयको (खानेपानी तथा वातावरण महाशाखा प्रमुख एबम् क्षेत्रगत क्षमता अभिवृद्धि एकाइका संयोजक, सहसचिव लगायत कार्यदलका सदस्यका रूपमा योगदान दिएका मन्त्रालय अन्तर्गतका सबै पदाधिकारीहरू लाई 'खासस्व' क्षेत्र सामु यो दीर्घकालीन योजना मस्यौदा ल्याउन सफल हुनु भएकोमा धन्यवाद एबम् बधाई दिन चाहन्छु। सबै क्षेत्रगत साझेदारहरूका बीचमा यो क्षेत्रगत विकास योजनालाई राख्न पाउँदा अत्यन्त खुशी लागेको छ। आशा छ यो पन्ध्र वर्षे क्षेत्रगत विकास योजना प्रभावकारी रूपमा कार्यान्वयन भई नेपालीहरूको 'खासस्व' सेवाका चाहना र आवश्यकताहरू पुरा हुनुका साथै नेपाली समृद्धिको सपना साकार तुल्याउन सहयोग पुग्ने छ।

माधव बेलबासे
सचिव, खानेपानी मन्त्रालय
नेपाल सरकार

# धन्यवाद ज्ञापन

'खानेपानी, सरसफाइ तथा स्वस्थ-आनीबानी' (खासस्व) क्षेत्रको एउटा दीर्घकालीन योजनाको निक्कै खाँचो महसुस भईरहेको थियो। यसै सिलसिलामा खानेपानी तथा सरसफाइ गुरूयोजना तयार पार्ने सम्बन्धमा सरोकारवालाहरूको बिभिन्न सम्मेलन, कार्यशाला, छलफल तथा बैठकहरू बाट पारित भए बमोजिम मन्त्रालयको क्षेत्रगत क्षमता अभिवृद्धि एकाइले २०६९ साल देखि यस योजनाको मस्यौदा गर्न शुरू गरेको थियो। मस्यौदा तयारीको उक्त प्रकृयाले लामो समय लिन पुगेको तर सारभूत अवयवहरू आउन नसकी रहेको अबस्था र दिगो बिकासका लक्ष्यहरू समायोजन गरी १४ औं योजना संगै 'खासस्व' क्षेत्रको समेत दिर्घकालीन योजना तयार पार्न बिलम्ब भएको हुँदा खानेपानी तथा सरसफाइ मन्त्रालयको स्थापना भए लगत्तै नेपाल सरकार (सचिवस्तर) को २०७२ माघको निर्णयानुसार निम्नानुसारको एक मन्त्रालयस्तरीय योजना मस्यौदा कार्यदल गठन गरी कार्य अघि बढेको थियो:

| | | | |
|---|---|---|---|
| १. | श्री राजन राज पाण्डे, सहसचिव, खानेपानी तथा सरसफाइ मन्त्रालय | - | संयोजक |
| २. | श्री राजीव घिमिरे, प्रमुख, राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र | - | सदस्य |
| ३. | श्री हरि प्रसाद तिमिल्सिना, सि.डि.इ., खानेपानी तथा सरसफाइ मन्त्रालय | - | सदस्य |
| ४. | श्री प्रेमनिधि के.सी., बरिष्ठ समाजशास्त्री, खानेपानी तथा ढल निकास बिभाग | - | सदस्य |
| ५. | श्री कवीन्द्र बिक्रम कार्की, सि.डि.इ., खानेपानी तथा सरसफाइ मन्त्रालय | - | सदस्य-सचिव |

मन्त्रालय स्थापना भए लगत्तै पहिलो कार्यका रूपमा 'खासस्व' क्षेत्रको यो १५ बर्षे दीर्घकालीन बिकास योजना तयार भएको छ। दूरगामी प्रभाव रहने यस महत्वपूर्ण कार्यमा संलग्न कार्यदलका सम्पूर्ण पदाधिकारीहरू र बिभिन्न मितिका छलफल कार्यक्रमहरूमा सहभागी भई महत्वपूर्ण सुझाव दिनु हुने सम्पूर्ण पेशाविद् एवम् सरोकारवाला महानुभाव तथा सङ्घ संस्थाहरूका साथै यस कार्यका लागि आबश्यक वित्तीय सहयोग गर्ने युनिसेफ नेपाललाई समेत क्षेत्रगत क्षमता अभिवृद्धि एकाइ (SEIU) धन्यवाद ज्ञापन गर्दछ।

त्यसै गरी यस योजना मस्यौदाको आद्योपान्त रुपमा समिक्षात्मक अध्ययन गरी अमूल्य सुझावहरू दिनु हुने श्री सुमन प्रसाद शर्माज्यू प्रति एकाइ विशेष धन्यवाद ज्ञापन गर्दछ। यस योजना मस्यौदाको अन्तिम परिमार्जनमा सहयोग पुऱ्याउनु हुने कार्यदलका सदस्यहरूका अलावा खानेपानी तथा ढल व्यबस्थापन बिभागका सि.डि.ई. श्री रजित ओझा, खानेपानी मन्त्रालयका सि.डि.ई. श्री चोक प्रसाद धिताल एबम् यूनिसेफ नेपालका 'वास' विशेषज्ञ श्री दण्डिराम विश्वकर्माज्यू प्रति पनि एकाइ धन्यवाद व्यक्त गर्दछ ।

चन्द्र बहादुर के.सी.

सहसचिव
(संयोजक, क्षेत्रगत क्षमता अभिबृद्धि एकाइ)
खानेपानी मन्त्रालय

# नेपाल 'खासस्व' क्षेत्रगत विकास योजनाको संक्षिप्त झलक

| | | | |
|---|---|---|---|
| दूर दृष्टि | सबैका लागि सुरक्षित, पर्याप्त, सर्वसुलभ, स्वीकार्य र किफायती खानेपानी तथा सरसफाइ सेवाहरू मार्फत जनस्वास्थ्य र जनताको जीवनस्तरमा सुधार | | |
| परिलक्ष्य | 'खासस्व' क्षेत्र प्रभावकारी, संवेदनशील, पारदर्शी र जबाफदेही हुने छ । क्षेत्रगत सोचलाई साकार पार्न एकल क्षेत्रगत कानुनी एवम् नीतिगत खाका, एकल मन्त्रालय अन्तर्गत सञ्चालित क्षेत्रगत विकास योजना र एकल कार्यसम्पादन प्रतिवेदनको अनुसरण गरिने छ | | |
| उद्देश्य | • हरेक नेपालीका घरधुरीमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा र सुविधाको पहुँच पुऱ्याउने,<br>• संस्थागत भूमिका एवम जवाफदेहिताको सबलिकरण गर्दै क्षेत्रगत सुशासनमा सुधार गर्ने, | • राष्ट्रिय प्राथमिकता, रणनीति, मापदण्ड एवम् कार्यविधिहरूको परिपालना मार्फत सम्पूर्ण सरोकारवालाहरू लाई प्रभावकारी 'खासस्व' सेवा प्रवाहको कार्यक्रम निर्माण एवम् व्यवस्थापनका लागि मार्गनिर्देशन तथा अभिप्रेरित गर्दै क्षेत्रगत एकत्रीकरण हासिल गर्ने, | • क्षेत्रगत कार्यक्रमहरूमा थप प्रभावकारीता ल्याउनका लागि अबश्यक रणनीति, प्राथमिकता एवम कार्यभारहरू तय गर्ने, |
| सिद्धान्तहरू | • क्षेत्रगत सुशासनमा सुधार<br>• सरकारको नेतृत्व<br>• मानव अधिकारमा आधारित पद्धति | • लैङ्गिक समानता र सामाजिक समावेशिता<br>• समायोजन<br>• विकेन्द्रित योजना | • जलवायु परिवर्तन तथा विपद् जोखिम व्यबस्थापन<br>• क्षेत्रगत एकत्रीकरण |
| विषय क्षेत्रहरू | **1. सेवामा पहुँच र उपयोग (खपत)<br>2. सेवाहरूको सुचारूपन र दिगोपना<br>3. नवीनता तथा प्रविधि अनुकूलन<br>4. पर्यावरणीय संरक्षण, खानेपानी पानी वृद्धि र उत्पादन** | **5. पानी सुशासन, संस्थागत प्रबन्ध तथा क्षमता विकास<br>6. खानेपानी कूटनीति, क्षेत्रगत एकत्रीकरण, सञ्जाल, सञ्चार र प्रवर्द्धन<br>7. अनुगमन तथा मूल्याङ्कन** | **9. खानेपानी तथा निरन्तर गुणस्तर सुधारलैङ्गिक समानता तथा सामाजिक समावेशिकरण<br>10. विशेष अवस्थामा 'खासस्व'<br>11.क्षेत्रगत लगानी** |
| विषय क्षेत्रका उद्देश्यहरू | 1. 'खासस्व' सेवाहरूको पहुँचमा वृद्धि गरी सेवा नपुगेको स्थानमा सेवाको बृद्धि र उपलब्ध सेवा तथा लाभहरूको प्रभावकारी उपयोगिता सुनिश्चित गर्नु<br>2. 'खासस्व' सेवा र संस्थाहरूको कार्यात्मक सुधार गर्नु जसले तिनीहरूले अपेक्षाकृत सेवा प्रवाह गरुन्<br>3. 'खासस्व' सेवाहरूमा नवीनता ल्याउँदै सान्दर्भिक र प्रभावकारी बनाउनु<br>4. पानी उत्पादन वृद्धिको लागि पर्यावरणको पुनर्स्थापना र बचाऊ गर्ने | 5.क्षेत्रगत संस्थाहरू पारदर्शी, जबाफदेही र सबैलाई समतापूर्ण सेवा वितरणमा सक्षम र समुदायको सबै क्षेत्रहरूले सेवाहरूबाट लाभ लिन सक्षम बनाउने<br>6.क्षेत्रगत निरन्तर संवादको वातावरण बनाउने<br>7.क्षेत्रगत आवद्धताको कार्यसम्पादन र नतिजा मापन गर्न अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्नु<br>8.'खासस्व' क्षेत्रका विधीहरुलाई व्यवस्थित ढंगले परिमार्जन गर्ने प्रकृयालाई संस्थागत गर्नु | 9.सेवाका प्रावधानहरूमा 'खासस्व' क्षेत्रलाई समावेशी बनाउनु<br>10.विशेष परिस्थितिमा कार्य गर्न 'खासस्व' क्षेत्रलाई सक्षम बनाउने<br>11.वित्तीय स्रोतहरूको खोजी गरी लगानी गर्नु र बजारमा विश्वसनीयता सिर्जना गर्नु |
| विषय क्षेत्रका नतिजाहरू | 1.उपलब्ध सेवाहरू र लाभहरूमा सबैको प्रभावकारी पहुँच र उपयोग भएको हुने<br>2.'खासस्व' सेवाहरूमा दिगोपना कायम भएको हुने<br>3.'खासस्व' क्षेत्र गतिशील र अद्यावधिक भएको हुने<br>4.पर्याप्त पानी उत्पादन भएको हुने | 5.'खासस्व' क्षेत्र सक्षम, जबाफदेही, पारदर्शी भएको हुने<br>6.'खासस्व' क्षेत्र एकत्रित, सामञ्जस्यपूर्ण र आबद्ध भएको हुने<br>7.'खासस्व' क्षेत्रको योजना तर्जुमा तथ्याङ्कको आधारमा गर्ने प्रणाली स्थापना भएको हुने<br>8.कार्यविधिहरू इष्टतम (Optimized) भएका हुने | 9.'खासस्व' सेवाहरूमा समानता सुनिश्चित भएको हुने<br>10.'खासस्व' क्षेत्र जस्तोसुकै अवस्थामा पनि सेवा सुचारु राख्न सक्षम भएको हुने<br>11.'खासस्व' क्षेत्र वित्तीय रूपमा आफै दिगो भएको हुने |

# नेपाल 'खासस्व' क्षेत्रगत विकास योजनाको सार–संक्षेप

नेपालको 'खानेपानी, सरसफाइ तथा स्वस्थ-आनीबानी ('खासस्व', विगतमा WaSH भनिंदै आएको) क्षेत्रमा उपभोक्ताहरूको संलग्नताले गर्दा सरसफाइमा ६% (बि.सं. २०४६) बाट लगभग ९९% (बि.सं. २०७५) र खानेपानीमा ४६% (बि.सं. २०४६) बाट लगभग ८८% (बि.सं. २०७५) मा आधारभूत सेवा पुग्न संभव भएको छ। महिला र सीमान्तकृत समूहहरूको खानेपानी उपभोक्ता समितिहरूमा प्रतिनिधित्वले गर्दा यो क्षेत्र थप समावेसी बनेको छ। तथापि, पहुँचमा रहेको विभेद कम गर्ने, सेवामा असमानता, पानीको गुणस्तर, खानेपानी प्रणालीहरूको दिगोपन एबम् सुचारूपन र प्रदान गरिएको सेवाको गुणस्तर यो क्षेत्रको मूख्य चुनौतीका रूपमा रहेका छन्। क्षेत्रीय असन्तुलन, श्रोतहरूको असन्तुलित वितरण, श्रोतमा ठूलो अन्तर र दातृ संस्था माथिको निर्भरताले यो क्षेत्रको वित्तीय विशेषता इङ्गित गर्दछ। यसको परिणाम स्वरूप ठूलो संख्यामा आयोजना तथा कार्यक्रमहरू समयमै सम्पन्न हुन सकेका छैनन्। यो क्षेत्र विस्तारै संकेन्द्रित हुँदै गईरहेतापनि, साझा दृष्टिकोण र रणनीति विकास गर्न आबश्यक विश्वास र सहकार्य अझै चुनौतीको रूपमा रहेको छ। समान उद्देश्य प्राप्तिका लागि धैरै नीति तथा संस्थाहरू रहेको अबस्था, आयोजनामूखी भएर काम गरिरहेका थुप्रै सरोकारवालाहरू र समन्वयको अभावले गर्दा केन्द्रीय तथा स्थानीय तहको भूमिकामा दोहोरोपन र जिम्मेवारीका सीमाहरू खप्टिन समेत पुगेका छन्। यो क्षेत्रले अझै आफ्नो दायरा पूर्ण रुपेण पहिचान गर्न वांकि नै छ, खानेपानी र सरसफाइको सेवा प्रदान गर्ने मात्रबाट आफैलाई विस्तार गरी जलश्रोत र वातावरणसम्म यसले आफुलाई विस्तार गर्नु पर्ने छ। यी क्षेत्रगत चुनौतीहरूलाई सामना गर्न, नेपालको 'खासस्व' क्षेत्रले यस्तो रणनीतिक रूपरेखा र दृष्टिकोणको आवश्यकता महसुस गरेको छ जसले वेहत्तर प्रदर्शन र प्रभावकारीताको आधारको रूपमा काम गर्न सकोस र जसले गर्दा प्रभावकारी र सुचारू 'खासस्व' सेवा प्रदान गर्न सकियोस्।

जुनसुकै समय, जो सुकैलाई र जहाँसुकै पनि प्राप्त हुने सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र गच्छे अनुसारको 'खासस्व' सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तरमा सुधार गर्नु नेपालको 'खासस्व' क्षेत्रको प्रमुख लक्ष्य रहेको छ। यो लक्ष्य प्राप्तीमा योगदान गर्न यो 'खासस्व' क्षेत्रगत बिकास योजना तयार गरिएको छ। यस योजनाको कार्यान्वयन पछि यस क्षेत्रले 'खासस्व' ऐन, समग्र नीतिगत राष्ट्रिय रूपरेखा, बिषयगत मन्त्रालयबाट कार्यान्वीत राष्ट्रिय 'खासस्व' क्षेत्रगत विकास योजना, र एकल कार्यसम्पादन प्रतिवेदनको अवधारणा अपनाउने छ जसले 'खासस्व' क्षेत्रलाई थप प्रभावकारी बनाउने छ।

यो योजना सहभागितात्मक विधिबाट तयार गरिएको छ, अन्य मन्त्रालयहरू, विकास साझेदारहरू, राष्ट्रिय सरकारी तथा गैर सरकारी निकायहरू र नागरिक समाजको सहभागितामा मन्त्रालयले 'खासस्व' क्षेत्रलाई क्षेत्रगत उपलब्धि हासिल गर्नको लागि निर्देश गर्न यो योजना तयार गरिएको छ। फलस्वरूप सरकारको नेतृत्वमा विकास साझेदारहरूद्वारा समर्थित र सरोकारवालाहरूको स्वामित्व हुने एक रणनीतिक कार्यक्रम तयार गर्न 'खासस्व' क्षेत्रलाई एक अपूर्व अवसर प्राप्त भएको छ।

सशक्त, सुसङ्गत, सामञ्जस्ययुक्त राष्ट्रिय 'खासस्व' कार्यक्रमको माध्यमद्वारा सुशासन र प्रभावकारीताका साथ 'खासस्व' क्षेत्रका सबै गतिविधिहरूको योजना तर्जुमा, कार्यान्वयन, समन्वय र अनुगमन गर्नको लागि खाका प्रदान गर्नु यस योजनाको उद्देश्य हो। क्षेत्रगत नीतिहरूमा उल्लेख भएका सिद्धान्तहरूलाई कार्यान्वयन गर्न यो योजना प्रमुख कदम हो। यसले भविष्यका योजनाहरूको लागि प्राथमिकता पहिचान गर्छ र त्यसमा प्रयोग हुनु पर्ने प्रारूपहरूलाई स्पष्टसँग उल्लेख गर्छ।

यस योजनाले २०८७ साल सम्मको अवधिलाई ३ चरणमा समेटेको छ र यसलाई दिगो विकास लक्ष्यसङ्ग मिल्ने गरी तयार गरिएको छ। पहिलो चरण (२०७३-२०७९ साल) ले आधारभूत 'खासस्व' सेवामा सार्वभौमिक पहुँच, सुधारिएको सेवास्तर र पुनर्निर्माणलाई समेटेको छ र दोस्रो चरण (२०८०-२०८३ साल) ले सुधारिएको सेवा स्तरमा पहुँच (मध्यम र उच्च), प्रणालीहरूको क्रियाशीलता र दिगोपनको सुधारलाई समेटेको छ, तेस्रो चरणले (२०८४-२०८७ साल) सुधारिएको सेवास्तर र प्रभाव मूल्याङ्कन लाई समेटेको छ। यो योजना प्रत्येक चरणको अन्तमा अद्यावधिक गरिने छ।

यो योजना ले 'पहुँच' वृद्धिको सनातनी दृष्टिकोणबाट माथि उठेर सेवा सुधारलाई प्रमुखताको रूपमा लिएको छ, त्यसैले यसले ग्रामीण र शहरी जनसंख्या बीच कुनै सीमा र भेदभाव देख्दैन। प्रणाली र सेवाहरू वर्गीकरणको मामलामा मात्र विविधता हुन सक्छ। यो वर्गीकरणले उच्च स्तरको सेवाहरू प्राप्त गर्ने ग्रामीण जनसंख्याको इच्छालाई स्वीकार गर्दछ। यसले 'खासस्व' क्षेत्रलाई प्रणाली र सेवा

सुधारको रूपमा हेर्ने कोसिस गरेको छ।

प्रणालीहरू एकल (बिन्दु), साना, मध्यम, ठूला र वृहत् गरी ५ प्रकारमा वर्गीकृत गरिएका छन्। आवश्यक मानव संसाधन, नियमन र निगरानी, लगानी र निर्माण, स्वामित्व, प्रवन्ध र उत्पादनको रूपमा पानी र सरसफाइ दुवैका प्रणालीको वर्गीकरण गरिएको छ। त्यसैगरी सेवास्तर लाई- निम्नस्तर, आधारभूत, मध्यम र उच्चस्तर गरी ४ प्रकारमा परिभाषित गरिएको छ। प्रणालीय कार्य-सम्पादन (मात्रा, गुणस्तर र पहुँच) र संस्थागत कार्य-सम्पादन (विश्वसनीयता, लचिलोता (Resiliency), सेवा दृढाङ्गता (Robustness) र सेवा सन्तुष्टिको स्तरको रूपमा खानेपानी आपूर्ति सेवा स्तर परिभाषित गरिएको छ। सुधारिएको सेवा, आधारभूत सेवा, सीमित सेवा र सेवाविहीन रूपमा सरसफाइ सेवा स्तर वर्गीकृत गरिएकोछ। पहुँच, सुविधाहरूको प्रकार/ इन्टरफेस, प्रयोग, विश्वसनीयता र पर्यावरण-संरक्षणको रूपमा सरसफाइ सेवा स्तर परिभाषित गरिएको छ।

'खासस्व'का योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भारका सबै पक्षलाई संघीय, प्रान्तीय र स्थानीय सरकारमा पूर्ण विकेन्द्रित गर्ने नेपालको संविधानले परिकल्पना गरेको छ। संविधानको सिद्धान्तमा रहेर, विद्यमान संयन्त्रको व्यवस्थित कायापलट र पुनर्गठन गर्न कुशल संस्थागत संयन्त्रको आवश्यकता पर्छ, त्यसको लागि निम्न मोडेल प्रस्तावित गरिएको छ।

## संघीय प्रणालीमा प्रस्तावित 'खासस्व' संस्थागत संरचना र कार्य विबरण




विशेष गरी 'खासस्व' क्षेत्र सुशासन, कार्यान्वयन वा सञ्चालन स्तरमा संविधानमा परिकल्पना गरे झैँ मोटामोटी रूपमा संघीय, प्रान्तीय र स्थानीय कानुनहरूमा भर पर्छ। आगामी संघीय विधानले 'खासस्व' संस्थाका भूमिका र उत्तरदायित्व लाई थप प्रस्ट पार्ने छ। तथापि, ती विधान लागू नहुन्जेल सम्मका लागि, निम्न संस्थागत प्रावधान प्रस्तावित गरिएको छ:

ठूला शहरहरूका लागि उन्नत सेवा, दक्षता र उत्तरदायित्व प्रवर्धन गर्ने विकेन्द्रित व्यवस्था सहितको खानेपानी बोर्डहरू; अन्य शहरहरूका लागि परिष्कृत क्षमता र उत्तरदायित्व सहितको नेपाल खानेपानी संस्थान, साना शहर र ग्रामीण इलाकाका लागि संस्थागत सुदृढ़ीकरण सहितको, सम्पत्ति सिर्जनाको लागि परिभाषित जिम्मेवारीहरू सहितको नियामक संयन्त्र भएको (हाल उपभोक्ता समितिहरू संचालकका रूपमा, र राज्य सम्पत्तिको मालिक रहेको अवस्था छ), मर्मत सम्भार, वित्तीय व्यवस्थापन, लगानी उठ्ती र विस्तार गर्ने उपभोक्ता समितिहरू रहने छन्।

यो योजना ले नेपाली 'खासस्व' क्षेत्रलाई विषयगत क्षेत्रहरू मार्फत व्याख्या गरेको छ। नेपाली 'खासस्व'का सवालहरू सम्बोधनका लागि एकीकृत र परस्पर सम्बन्धित दृष्टिकोणहरूको आवश्यकता रहेको व्यापक मान्यता छ। 'खासस्व' क्षेत्र एक व्यापक शब्द हो जसमा संस्था, सँगठन, नीति, अभ्यास र प्रथाहरू समावेश भएका हुन्छन्, जसले पर्यावरण र जलस्रोतलाई आकार पनि दिन्छ र व्यवस्थापन पनि गर्छ, यसमा विविध आबादी र उद्योगहरूलाई पानीको सेवा वितरण गर्ने पनि समावेश छ। चुनौतीहरूको गहनता र धेरै संस्था र सरोकारवालाहरूको निहित भूमिकालाई ध्यानमा राख्दै प्राप्त गर्नु पर्ने परिणामको सुधारको लागि सहयोग र समन्वयको व्यवस्थालाई विषयगत रूपमा व्यक्त गरिएको छ। विशेषगरी, सेवाहरूको सम-न्यायिक वितरणको अलावा, व्यावसायिक क्षेत्र र नागरिक समाज बीच, सरकारी संस्थाहरू बीचको समन्वय र आबद्धता, र यी क्षेत्रहरू बीचको सहयोग र नवीनता बढाउन नेतृत्वको भूमिकाको विषयलाई जोड दिइएको छ। यी विषयहरूको विस्तृत व्याख्या अध्याय ८ मा गरिएको छ।

**बर्तमान मूल्यमा क्षेत्रबिकास योजनाको विषयगत लागत अनुमान बिवरण (रकम रू. हजार):**

| बिषय | बिषयगत क्षेत्र | विषयगत उद्देश्य | विषयगत नतिजा | विषयगत लागत |
|---|---|---|---|---|
| पहुँच र उपयोगिता | पहुँच, उपयोगिता र लाभको उपभोग | पहुँच नपुगेकाहरू सम्म 'खासस्व' सेवाको पहुँचको सुनिश्चितता गर्ने र प्राप्त सेवाहरूको प्रभावकारी उपयोग गर्ने। | उपलब्ध सेवा र त्यस बाट प्राप्तहुने लाभ प्रभावकारी रूपमा सबैको पहुँचमा सबैबाट उपयोग गरिएको हुने। | ५६४,८६६,३२२ |
| कार्यपरकता र दिगोपना | 'खासस्व' सेवाहरूको कार्यपरकता, दिगोपन र अनुरक्षणीयता (Maintainability) | 'खासस्व' सेवा र संस्थाहरूको कार्यपरकतामा सुधार ल्याउने जसले गर्दा तिनीहरूले आशा अनुरुप सेवा प्रदान गर्न सकुन। | 'खासस्व' सेवाहरू दिगो भएको हुने। | २८,३४६,७५० |
| नवीनता र प्रविधि अनुकूलन | नवीनता, सिकाइ, अनुसन्धान र विकास, वैकल्पिक प्रविधि र प्रविधि अनुकूलन, प्रविधि विस्तार | 'खासस्व' सेवा थप नवीन, सान्दर्भिक र प्रभावकारी बनाउने। | 'खासस्व' क्षेत्र गतिशील र अद्यावधिक भएको हुने | ३,८५२,९४७ |
| वातावरण (पारिस्थितिकी तंत्र) र पानी उत्पादन | वातावरण संरक्षण, पानी आवर्धन र उत्पादन, नदीस्वास्थ्य व्यवस्थापन, स्रोत संरक्षण र रिचार्ज | पानी उत्पादनमा वृद्धिको लागि वातावरणलाई कायम राख्ने, रक्षा गर्ने र पुनर्जीवित गर्ने। | पानी उत्पादनमा वृद्धि भएको हुने। | २२४,७६२,५०० |
| 'खासस्व' सुशासन, सँगठनात्मक ढाँचा, क्षमता | जल सुशासन, पारदर्शी, जवाफदेही, सहभागिता, मानकीकरण, संस्थागत ढाँचा र सुदृढीकरण, क्षमता विकास | सेवाको समन्यायिक वितरण गर्न क्षेत्रगत संस्थाहरूलाई पारदर्शी, जवाफदेही र सक्षम बनाउने र समाजको सबै बर्गलाई सेवाबाट प्राप्त | 'खासस्व' क्षेत्र सक्षम, जबाफदेही र पारदर्शी भएको हुने। | २१,८५४,८२९ |

| | | | | |
|---|---|---|---|---|
| निर्माण र विकास | | लाभको उपभोग गर्न सक्षम बनाउने। | | |
| 'खासस्व' कूटनीति | 'खासस्व' कूटनीति, सञ्जाल निर्माण, संचार, प्रवर्धन र क्षेत्रगत संकेन्द्रण, राष्ट्रिय संवाद, गठबन्धन निर्माण, पारस्परिक उत्तरदायी, आबद्धता र सामञ्जस्यीकरण | 'खासस्व' क्षेत्रमा निरंतर संवाद स्थापित गर्ने। | 'खासस्व' क्षेत्र अभिसरित, सुसँगत र सरेखित भएको हुने। | ९६,८०० |
| अनुगमन र मूल्यांकन | अनुगमन र मूल्यांकन, व्यवस्थापन सूचना प्रणाली, निर्णय सहायक प्रणाली | आगत, निर्गत, र प्रतिफल सँग अन्तर्सम्बन्धित हुने गरी 'खासस्व' क्षेत्रले गरेको कार्य सम्पादनको मापन गर्न अनुगमन / मूल्यांकन प्रणालीको विकास गर्ने। | 'खासस्व' क्षेत्रमा तथ्यमा आधारित योजना प्रणालीको विकास भएको हुनेछ। | २,८४३,००० |

| बिषय | बिषयगत क्षेत्र | विषयगत उद्देश्य | विषयगत नतिजा | विषयगत लागत (रू. हजार) |
|---|---|---|---|---|
| निरन्तर गुणस्तर र सेवा सुधार | निरन्तर गुणस्तर र सेवा सुधार, निर्माण गुणस्तर, प्रक्रिया, तरिका, नियमावली, प्रणाली अनुरूपता (Conformity), गुणस्तर मानक, प्रामाणीक कार्यसञ्चालन विधि | खानेपानी सुरक्षा, 'खासस्व' क्षेत्रका कार्यविधिहरू सुधार गर्ने व्यवस्थित तरिकाहरू संस्थागत गर्ने। | सुरक्षित खानेपानी सेवा बितरण, कार्यविधिहरू ईष्टतम (Optimized) भएको हुनेछ। | १७,५६७,१७६ |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | विविधता र समावेशीता, गैह्रभेदभाव, सीमान्तिकरण र बहिर्करण, अन्तर अनुदान | सेवा प्रबन्धमा 'खासस्व' क्षेत्रलाई थप समावेशी बनाउने। | 'खासस्व' सेवाहरूमा समानता सुनिश्चित भएको हुनेछ। | ५९७,००० |
| विशेष परिस्थितिमा 'खासस्व' सेवा | आपत्कालीन अवस्थामा 'खासस्व' सेवा, असुरक्षित, अभाव, नाजुक अवस्था, लचिलोता | 'खासस्व' क्षेत्रलाई विशेष परिस्थितिमा पनि कार्य गर्न सक्षम बनाउने। | 'खासस्व' क्षेत्रले जुनसुकै अवस्थामा कार्य गरी रहेको हुने छ। | ३६,३२६,४२२ |
| क्षेत्रगत लगानी | वित्त, लगानी, बजार, लागत उठ्ती, उद्यम र उद्यमशीलता, व्यवशायिक सामाजिक उत्तरदायित्व, पानी कर, बाह्य सहायताका प्रकार। | वित्तीय स्रोतहरू सिर्जना गर्ने, लगानी आकर्षित गर्ने र 'खासस्व' क्षेत्रमा बजारको रूझान सिर्जना गर्ने। | 'खासस्व' क्षेत्र आर्थिक रूपमा आत्मनिर्भर भएको हुनेछ। | ६,३६२,५०० |
| **योजना अवधि** | **(२०७४- २०७९)** | **(२०८०- २०८३)** | **(२०८४- २०८७)** | **जम्मा** |
| **लागत** | **२४८,८५५,३१६** | **३४४,१९६,५००** | **३१४,४२४,४३०** | **९०७,४७६,२४६** |
| १.३५% जनसंख्या वृद्धि को लागत | ८,५१३,०२० | ३३,९४१,९२८ | ५४,९६०,७०१ | ९७,४१५,६४९ |
| **जम्मा** | **२५७,३६८,३३६** | **३७८,१३८,४२८** | **३६९,३८५,१३१** | **१,००४,८९१,८९५** |
| उपरी लागत @१५% | ३८,६०५,२५० | ५६,७२०,७६४ | ५५,४०७,७७० | १५०,७३३,७८४ |
| **कूल लागत** | **२९५,९७३,५८६** | **४३४,८५९,१९२** | **४२४,७९२,९०१** | **१,१५५,६२५,६७९** |

अझै पनि करिव १३% जनसंख्यामा खानेपानी सेवा पुर्‍याउन सकिएको छैन। तिनीहरू खास गरी दुर्गम र अप्ठ्यारा ठाउँमा घरहरूको समूहमा रहेका छन् भन्ने मानिएको छ, अथवा तिनीहरू विपन्न र कमजोर समुदायका हुन जसमा 'खासस्व' सेवा हासिल गर्ने शक्ति, स्रोत र कौशलको अभाव छ। त्यस्तै करिव १% जनसंख्याको मात्र सरसफाइ सेवामा पहुँच पुग्न बाँकी रहेको देखिन्छ (खापाढनिबि, २०७४)। जुनसुकै कारणले खानेपानी तथा सरसफाइको पहुँच पुग्न नसकेको भएता पनि खानेपानी तथा सरसफाइको सुविधा सबैलाई पुर्‍याउने राष्ट्रिय लक्ष्य प्राप्त गर्न ती समूहहरू सम्म पुग्न बाँकी छ।

खुला दिसामुक्त कार्यक्रमलाई अझ विस्तारित गर्ने र यसको दिगोपनमा सुधार ल्याउने कुरा ग्रामीण सरसफाइको अनुकूल वातावरणलाई अझ सुदृढ बनाउँदै लैजाने कुरामा भर पर्छ। उच्च खुला दिसामुक्त सफलता दर र अझ दिगो प्रतिफल ल्याउन सहयोग गर्ने कारकहरूको

पनि विश्लेषण गरिनु पर्छ- उदारहणको लागि, किन एक क्षेत्रको प्रतिफल अर्को क्षेत्रको भन्दा राम्रो हुन्छ, भन्ने कुरा स्थानीय कार्यक्रमको अभिन्न अंग बन्नु पर्छ। शहरी परिप्रेक्ष्यमा, फराकिलो सन्दर्भमा "सुधारिएको" सरसफाइ प्रावधानलाई सरफाइको खुडकिलाको रूपमा हेर्न सकिन्छ जुन पानी र सेप्टिक ट्याङ्क प्रयोग गरिएको (pour-flush) चर्पीबाट विस्तारित भएर ढल प्रणालीमा जडान एबम् नगरको ढल प्रशोधन तथा नालीको प्रावधानसम्म हुन सक्छ। न्यून आय भएका र केन्द्रीय ढल प्रशोधन प्रणालीको पहुँच सीमित भएका शहरी तथा शहरी सेरोफेरोका स्थानहरूमा सामान्यतया विकेन्द्रित फोहरपानी प्रशोधन प्रणाली अबलम्बन गरिन्छन्।

खासगरी पानी सुरक्षा अवधारणाको अपर्याप्त प्रयोग, लापरवाही, उपभोक्ता समितिको संस्थागत, प्रविधिगत र आर्थिक क्षमताको अभावका कारणले ठूलो मर्मत गर्न नसक्नु र अपर्याप्त कोषको कारणले गर्दा खानेपानी प्रणालीहरू बिग्रिएर गएका छन्। मर्मत सम्भार नगरी नयाँ योजनामा मात्र उपलब्ध स्रोतहरू प्रयोग गर्ने प्रवृति खानेपानीको सेवा व्यापक रूपमा प्रदान गरिएको छ भनेर देखिइने सरकारी संयन्त्रको इच्छा र दातृ निकायहरूको मर्मत सम्भारमा पुग्दो स्रोत विनियोजन गर्ने अनिच्छाको रूपमा व्याख्या गर्न सकिन्छ। दिगोपनको कारणको खोजी गर्ने हो भने, 'खासस्व' क्षेत्रले अब उप्रान्त 'खासस्व' सेवाको कार्यपरकता प्रति एक विशेष राष्ट्रिय कार्यक्रम बनाएर गम्भीर ध्यान दिनु पर्ने भएको छ जसले गर्दा बिग्रिएका खानेपानी प्रणालीहरूको दिगोपन सुनिश्चित हुन सकोस।

'खासस्व' क्षेत्रले गरेका कार्यहरू दिगो, नवीन, सान्दर्भिक र प्रभावकारी छन् भन्ने सुनिश्चित गर्न आफ्नो कार्यक्रम, दृष्टिकोण र प्रविधिहरूको लगातार समीक्षा, परिमार्जन र अनुकूलन गर्न आवश्यक छ। तीव्र शहरीकरण, ग्रामीण- शहरी बसाई सराई, शहरी समुदायको घनत्व बढ्ने अनि यी कुराहरूको जलवायु परिवर्तनसँगको संयोजनले गर्दा सुरक्षित र विश्वसनीय 'खासस्व' सेवा प्रवाह गर्न नवीन र दिगो समाधान प्रदान गर्नु चुनौतीको रूपमा रहेको छ।

शालीन अस्तित्व र जीविकोपार्जनको साथै वर्तमान कृषि प्रधान नेपालमा मानवीय उपभोग र कृषि प्रयोजनका लागि पानी उपलब्ध हुनु महत्वपूर्ण छ। पुनर्भरणको लागि सुविचारित विकल्प ग्रहण गर्नु र प्राकृतिक अन्तर्प्रवेश (Infiltration) क्षेत्रको सुरक्षा र थप पुनर्भरण उपायको विकासको माध्यमबाट भू-दृश्यमा बर्षातको पानीको थोपाहरूलाई रोकेर राखीराख्ने उपाय घट्दै गईरहेका मूलहरूलाई पुनर्उत्पादन गर्न सहायक हुने छ। शहरी इलाकाको जलग्रहण क्षेत्र धेरै हदसम्म मानव अतिक्रमण र जलवायु परिवर्तनबाट असुरक्षित छ, स्रोत प्रदूषण, स्रोत रित्तीकरण र पानीको स्रोतहरूको प्रयोगमा द्वन्द्व सिर्जना गर्ने यी साधारण कारकहरू हुन।

पानी निष्ठा (Water Integrity) सरोकारवाला र संस्थाहरूको सुशासनको इमानदारी, समता र व्यावसायिकताको मूल आधारमा रहेको पारदर्शिता, उत्तरदायित्व र सहभागिताको सिद्धान्तहरूको अनुपालनसँग सन्दर्भित छ। निष्ठाले, जन इच्छालाई सर्वोपरी मान्दै, उत्तरदायी 'खासस्व' योजना र सेवा प्रवाह गर्न आधार प्रदान गर्छ। 'खासस्व' सेवा सञ्चालनमा जवाफदेहिताको लागि राजनीतिककर्मी, नीति निर्माता र 'खासस्व' सेवा प्रदायकहरू पारदर्शी हुनु पर्छ, उनीहरूले आफ्नो कामको उत्तरदायित्व स्वीकार गर्नु पर्छ र उनीहरूले यो पनि संझनु पर्छ कि अमुक कार्य किन गरे वा गर्न सकेनन् भन्ने बारेमा पनि सोधिन सक्छन्।

प्रभावकारी र कुशल क्षेत्रगत योजना निर्माण र सेवा प्रवाहको लागि नेपालको 'खासस्व' क्षेत्रले योग्य तथा सक्षम र जानकार मानव स्रोतको कल्पना गरेको छ। यसले नेपालको 'खासस्व' क्षेत्रको यस्तो कल्पना गरेको छ जसमा जनताले आफ्नो पानी र वातावरणीय स्रोतको दिगो रूपमा व्यवस्थापन गर्न सकुन र समाजका सबै वर्ग खास गरी गरिब र अवसर नपाएकाहरूले समेत प्राप्त सेवाको लाभ लिन सकुन्। राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रको क्षमतालाई अझ व्यापक बनाइने छ र यसलाई राष्ट्रिय 'खासस्व' प्रतिष्ठानमा रुपान्तरित गरिने छ। नीति, अभ्यास र सशक्तिकरण बीच गतिलो सम्बन्ध कायम गर्ने किसिमका अनुसन्धान गर्न यसलाई स्पष्ट कार्यादेश दिइनेछ। यस योजनाले 'खासस्व'को राष्ट्रिय बजेटको ०.५% अनुसन्धानमा र १% क्षमता वृद्धिमा छुट्टाउने प्रावधान राखेको छ।

'खासस्व' कुटनीतिको उद्देश्य जलस्रोतको हालको स्थिति र जलस्रोतको व्यवस्थापन सम्बन्धमा आपसी सहयोगलाई अभिप्रेरित गर्ने कुटनैतिक समाधानको आवश्यकता बारेमा चेतना बढाउनु हो। पानीको अभाव र गलत व्यवस्थापनको कारणले सिर्जित हुने तनावलाई आकलन गर्न, रोक्न र उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्ने आवश्यक क्षमता विकास गर्न आवश्यक पर्ने ज्ञान, अनुभव र औजारहरू यसले प्रदान गर्छ। साझा लाभ, समावेशी बहुक्षेत्रीय समझदारी र दिगो संस्था निर्माणको माध्यमबाट तत्कालीन र दीर्घकालीन सहयोग प्रवर्धन गर्ने जस्तो दृष्टिकोणहरू हालको ठूला जल-तनाव सीर्जनाका कारकहरूका लागि सान्दर्भिक र सहयोगी सावित हुने

देखिन्छन्।

खण्डित, बहुसंस्थागत व्यवस्थाबाट सुसँगत, सहयोगी र प्रभावकारी वातावरण तर्फको पछिल्लो ५-६ वर्षको कदमले प्रभाव देखाउन थाली सकेको छ। देशभरि सञ्चालन भएको सरसफाइको आन्दोलनले, संयुक्तरूपमा कार्य गर्ने विधि, सञ्जाल निर्माण र क्षेत्रगत सहयोग जस्ता कार्यले, खासगरी जिल्लामा, 'खासस्व' समन्वय समितिले राम्रो प्रभाव देखाउन थालेको देखिन्छ। पछिल्लो दुई संयुक्त क्षेत्रगत समीक्षाले सबै सरोकारवालाहरू माझ सम्मान, विश्वास र प्रतिबद्धताको विकास गरेता पनि सरोकारवालाहरूले यो खासै पालन गरेको देखिदैन।

'खासस्व' क्षेत्रले विस्तारै विश्वमा बजारको स्वरूप लिंदै छ र खानेपानीले विनिमय वस्तुको रूपमा पहिचान पनि बनाउँदै आएको छ। तथापि, नेपालको 'खासस्व' क्षेत्रले यसलाई बजार र सेवा दुवैको दृष्टिकोणबाट हेर्नु पर्ने हुन्छ। यसले गर्दा जनताको आवश्यकता र चाहनालाई सम्बोधन गर्न सकिन्छ भने लामो समयका दौरानमा प्रतिस्पर्धी तथा आत्मनिर्भर क्षेत्र पनि बन्न सक्ने छ। प्रवर्धनको मतलब गुणस्तरीय सेवा मार्फत सेवाग्राहिहरूको चेतना बढाउनु, उत्पादन र बिक्रीमा वृद्धि गर्नु, ग्राहकको सन्तुष्टि पुरा गर्नु र सेवाको मूल्य तिर्न प्रेरित गर्नु हो। यो बजारको ४ बटा आधारभूत तत्व- मूल्य, उत्पादन, प्रवर्धन, र स्थान- मध्ये एक हो।

यस योजना ले क्षेत्रगत संकेन्द्रण वा एकत्रीकरणको परिकल्पना गरेको छ, यसको मतलब सबै 'खासस्व' कार्यक्रमहरू एउटा मन्त्रालय वा निकाय मार्फत सञ्चालन हुने छन् भन्ने हो। सबै विकास साझेदार निकायहरू, गैर सरकारी निकाय, नागरिक समाज र निजी क्षेत्रले समेत एउटै क्षेत्रगत योजना मार्फत एउटै सहमत भएको प्रतिफलमा योगदान दिने छन्। यस सन्दर्भमा 'खासस्व' क्षेत्रले राष्ट्रिय क्षेत्रगत वार्षिक समीक्षाको विधि अपनाउने छ। यो प्रत्येक आर्थिक वर्षको अन्त्यमा गरिने छ र यसले सबै सरोकारवालाहरू लाई समेटने छ। क्षेत्रगत एकत्रीकरणको प्रकृयाले 'खासस्व' क्षेत्रलाई खण्डित अवस्थाबाट सुसङ्गत सामञ्जस्य र आवद्ध क्षेत्र तर्फ ल्याउनेछ। यसले 'खासस्व' क्षेत्रका सबै कार्यक्रम एक नीति, एक योजना, एक अनुगमन खाका र एक क्षेत्रगत कार्यसम्पादन प्रतिवेदन मार्फत हुने कल्पना गरेको छ।




प्रभावकारी क्षेत्रगत कार्य संपादन, क्षेत्रगत सूचनाहरूको विश्वसनीयतामा भर पर्ने गर्दछ, जुन व्यावहारिक लक्ष्य निर्धारण र क्षेत्रगत कार्य सम्पादनको अनुगमन गर्ने आधार हुन सक्छन्। त्यसकारण क्षेत्रगत सूचना व्यवस्थापन प्रणालीको स्थापना र यसलाई निर्गत, आगत र प्रतिफलसँग आबद्ध गर्नु एकदमै आवश्यक भएको छ। अहिले भइरहेका र भविष्यमा हुने छुट्टाछुट्टै व्यबस्थापन सूचना प्रणालीहरू जस्तै: ड्यास बोर्ड, तथ्याङ्क संकलन र अद्यावधिक गर्न वेबमा आधारित साइट, स्थिर डाटावेस आदिको अभिन्न अंगको रूपमा यो 'खासस्व' क्षेत्रको सूचना प्रणालीलाई लिइने छ। यी सबै प्रणालीहरूले परिमाणात्मक तथ्याङ्कहरू नियमित रूपमा लिइराख्नेछन्, जसले योजना को प्रगति अनुसरण र सोही अनुसार व्यवस्थापकीय र योजनागत निर्णय लिन 'खासस्व' क्षेत्रलाई सक्षम बनाउनेछ। स्वास्थ र शिक्षाका क्षेत्रगत सूचना प्रणाली (MIS), 'खासस्व' क्षेत्रका सिकाइ र आदानप्रदानका कार्यक्रमहरू, र मूल्याङ्कनले थप सूचना प्रदान गर्छ जुन योजना कार्यान्वयनको प्रभावशीलता र क्षमता आकलन गर्न आवश्यक पर्छ। यसले कुनै मध्यावधिक सुधार गर्न आवश्यक भएमा सहयोग गर्छ, जसले योजनाले निर्धारण गरे बमोजिमका माइलस्टोन हासिल गर्न सुनिश्चित गर्छ। वार्षिक समीक्षाले क्षेत्रगत MIS/DSS बाट प्राप्त सूचनालाई समीक्षा गर्नेछ। नेपालको 'खासस्व' क्षेत्रको एक राष्ट्रिय ''खासस्व'' M&E/MIS/DSS प्रणाली हुने छ जसमा सबै सरोकारवालहरूले तथ्याङ्क उपलब्ध गराउने छन्। प्रत्येक सरोकारवाला वा निकायको आ-आफ्नो 'योजना सम्पादन व्यवस्थापन प्रणाली (Project

Performance Management System (PPMS)) हुनेछ। यो वेबमा आधारित र GIS अनुकूलित प्रणाली हुने छ। आमजनताको यसमा सजिलो र निर्वाध पहुँच हुने छ। यस राष्ट्रिय M&E प्रणालीको नेपालको सबै 'खासस्व' निकायहरूको योजना तर्जुमा प्रकृयासँग अन्तर्सम्वन्ध हुनेछ। राष्ट्रिय M&E/MIS/DSS प्रणालीमा प्रविष्ट भए बमोजिम नै क्षेत्रगत कार्यसम्पादन प्रतिवेदन तयारी र प्रकाशन गरिने छ।

निरन्तर गुणस्तर र सेवा सुधार (CQSI) एउटा यस्तो व्यवस्थित उपाय हो जसमा प्रकृयाको सुधार मार्फत गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितता गरिन्छ। यसमा कर्ताले प्रणाली र सेवामा सुधार ल्याउँनको लागि आफ्नो लक्ष्य र मुख्य प्रतिफलहरू परिभाषित गर्दछ। साधारणतया, सुधारको लागि प्रचलित उपाय भनेको अझ कडा काम गर्नु, कर्मचारीलाई तालिम प्रदान गर्नु हो, जबकि CQSI मा प्रकृया सुधारमा ध्यान दिइन्छ। यसले कर्मचारी राम्रा छन, तिनीहरू कडा मिहिनेत गर्छन, तिनीहरूलाई पुग्दो तालिम दिइएको छ, र प्रकृयामा सुधारको आवश्यकता छ भन्ने मान्यता राख्छ। CQSI ले यसमा विश्वास गर्छ कि सबै प्रकृयाहरूमा सुधार अपेक्षित छन्, त्यसैले प्रतिफल सुधार गर्न ती प्रतिफल ल्याउने प्रकृयामा सुधार गर्नु पर्छ। 'खासस्व' क्षेत्रले यसमा प्रयोग हुने गुणस्तर, प्रकृया र विधिलाई स्तरीकरण गर्ने छ। 'खासस्व' सेवा सार्वजनिक, आवश्यकीय र एकाधिकार भएको सेवा हो। प्रभावकारी सेवा विभिन्न सरोकारवालाहरूको (खास गरी सरकार, प्रशासन र सेवाप्रदायक) कार्यमा भर पर्छ। 'खासस्व' सेवा प्रवाहले ती सरोकारवालहरूको जवाफदेहीता सुरक्षित गर्नु पर्छ। नियमन निकाय त्यो लक्ष्य प्राप्त गर्नको लागि मुख्यरूपमा उत्तरदायी हुनु पर्छ।

सरोकारवालाहरूको स्थानीय स्तरमा संलग्नता अपनत्व विकास गर्न र दिगोपना सुनिश्चित गर्ने मुख्य आधार हो। स्थानीय स्तरको संलग्नता बारेमा ग्रामीण खानेपानी तथा सरसफाइ नीतिमा व्यवस्था भएता पनि समावेशीकरणको लागि नीतिमा थप परिवर्तनको आवश्यकता छ। महिला, गरिब, बहिर्कृत र सीमान्तकृत समूहको प्राथमिकतापूर्ण संलग्नता, समन्यायिक पानी शुल्क जस्ता अवधारणाहरूले गर्दा GESI सरोकारवालाहरूमा आर्थिक भार कम पर्न जानेछ र उनीहरूको सहभागितालाई प्रोत्साहन गर्नेछ। यसले स्थानीय स्तरमा र समुदायका सबैमाझ अपनत्व विकास गर्न सहयोग गर्नेछ। नाफामा गएका सेवा प्रदायकहरूलाई व्यावसायिक सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत GESI लाई सम्बोधन गर्न प्रोत्साहन गरिनेछ।

कुनै पनि प्रकोप पछि 'खासस्व' नै सबैभन्दा प्राथमिकतामा पर्ने क्षेत्र हो। अपर्याप्त 'खासस्व' सेवाले पक्कै पनि प्रकोप निम्त्याउँछ, जबकि प्रकोपले 'खासस्व' सेवालाई अझ खस्काउँछ, दुवैले जोखिमलाई अझ बढाउँछन्। त्यसकारण नियमित विकासको अवस्था भए पनि वा आपत्कालीन अवस्थामा भए पनि 'खासस्व' सेवाको विकास गर्दा प्रकोप जोखिमलाई ध्यान दिनु आवश्यक छ। यो सबै भनेको जोखिम बारे जानेर र त्यसको व्यवस्थापन गरेर प्राकृतिक प्रकोप प्रति, रोकथाम र तैयारीको माध्यमबाट, 'खासस्व' सेवाको लचिलोता बढाउनु हो।

क्षेत्रगत लगानी रणनीतिको मुख्य उद्देश्य - क) खानेपानी र सरसफाइमा पहुँच सुनिश्चित गर्न र दिगो व्यवस्थापन गर्न घरेलु बित्तीय स्रोतहरू कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा खोज गर्ने, ख) योजनाको कार्यान्वयनको लागि बाह्य स्रोत सुनिश्चित गर्नको लागि विकास साझेदारहरू सँग प्रभावकारी सौदेवाजी र संवाद गर्नको लागि यसलाई एक भरपर्दो प्रमाणको रूपमा प्रयोग गर्ने, ग) दिगो, सामाजिक र वित्तीय विकास र पर्यावरणको सुरक्षाको लागि 'खासस्व' सेवा मार्फत स्रोतहरूको परिचालन गर्ने। राष्ट्रिय र जिल्ला तहमा समष्टिकृत वित्तीय सूचनाको अभावमा क्षेत्रगत लगानी राम्ररी पत्ता लगाउन सकिदैन। वित्तीय प्रवाह, कार्यदक्षता, खर्च र पैसाको मूल्य (value-for-money) को लागि 'खासस्व' क्षेत्रले सीमित मात्र विश्लेषण गरेको छ। क्षेत्रगत लगानीको लागि मुख्य स्रोत बिषयगत मन्त्रालय र अन्य मन्त्रालय (जस्तै शिक्षा, स्वास्थ, संघीय मामिला तथा सामान्य प्रशासन) का आफ्नो 'खासस्व' कार्यक्रममा बिनियोजित बजेट शिर्षकबाट आउने गरेका छन र महत्वपूर्ण ऋणहरू एसियाली विकास बैक र विश्व बैकबाट, अनुदानहरू जाइका, युनिसेफ, फिनल्याण्ड दूता'खासस्व', विश्व स्वास्थ सँगठन र अन्य द्विपक्षीय संस्थाबाट आउने गरेका छन्।

यस योजनाको कार्य योजना र माईलस्टोन विविध किसिमका छन्, त्यसकारण सरकारले सार्वजनिक लगानी कार्यक्रम मार्फत विविध किसिमले लगानी गर्न सक्छ- जस्तै-गैर सरकारी, सहकारी, समुदाय, निजी क्षेत्र, FDI, अन्तरराष्ट्रिय गैर सरकारी संस्था, परोपकारी र व्यक्तिगत कोषको माध्यम आदि।

जनताको 'खासस्व' सेवा प्राप्ती र सेवाको दिगोपना प्रति योजनाको वित्तीय रणनीतिले गंभीर प्रभाव पार्छ। खास गरी, शुल्क र कर

प्रणालीले गर्दा गरिबको आधारभूत 'खासस्व' सेवामा पहुँचलाई गंभीर असर पार्छ। अहिलेको बजेटको प्रवृत्ति कायम रहेमा वित्तीय पूर्वानुमानले योजनाको अन्त्यसम्म करिव १११.६२ अर्ब नेरूको कमी देखिन्छ। यस योजनाले विदेशी सहायताको निर्भरतालाई कमी गर्ने बाटो पनि खोजेको छ। अहिले यस क्षेत्रमा करिब ५२% को वैदेशिक योगदान रहेकोमा यस योजना कार्यान्वयनको अन्त्य सम्ममा यसलाई २७% मा  झार्ने लक्ष्य राखिएको छ। खानेपानीलाई विनिमय योग्य बस्तुको रूपमा नलिइन्जेल निजी क्षेत्रलाई 'खासस्व'मा आकर्षित गर्न नसकिने प्रष्ट छ। सार्वजनिक लगानीमा मात्र भर पर्ने हो भने सेवास्तर र 'पहुँच'को लक्ष्य पुरा नहुन सक्छ। समाजको सबै वर्गमा न्यायिक, दिगो र भरपर्दो 'खासस्व' सेवा तब मात्र पुऱ्याउन सकिन्छ जब पैसाको मूल्यलाई सम्मान गरिन्छ र यस्तो अनुकूल वातावरणको निर्माण हुन्छ जहाँ पानीका उद्यमीहरू, विक्रेताहरू र सेवा प्रदायकहरूले 'खासस्व' सेवा प्रवाहमा निष्पक्ष र प्रतिस्पर्धी अवसर देख्नेछन्। स्थानीय अधिकारीहरूले नै त्यस्तो रणनीतिक योजना बनाउनु पर्छ जसले गर्दा 'खासस्व' सेवा प्रवाहमा भएको खर्च उठन सकोस साथै 'खासस्व' सेवामा समन्यायिकता पनि कायम नै रहोस।

यो योजनाको कार्यान्वयनको लागि सन् २०१६ को लागत मूल्यमा अन्दाजी ११५५.६  अर्ब ने.रू. लाग्ने अनुमान गरिएको छ, जबकि मुद्रास्फीत मूल्यमा यो करिब  २,४७९ अर्ब ने.रू. हुने छ। यो मूल्यमा सबै ११ बटै बिषय-क्षेत्र र चालू खर्च पनि राखिएको छ। यो अनुमान सन् २०१६ को मूल्यमा गरिएको छ र सन् २०३० सम्म बार्षिक ९.५% को दरले मुद्रास्फीति गणना गरिएको छ। मुद्रास्फीत मूल्य र हालको मूल्यको अनुपात २.३ रहेको छ। यो कूल लागत अनुमानमा योजनाको समयावधिमा हुने जनसंख्या वृद्धि दरलाई पनि समेटिएको छ। यसको कूल अनुमानमा जनसहभागिता पनि समावेस गरिएको छ, जनसहभागिता करिब २५% देखिएको छ भने सरकारी र बैदेशिक सहयोग (ओभरहेड बाहेक) करिब ७५% छ।

यो योजना कार्यान्वयन गर्न आवश्यक पर्ने निर्माण सामाग्रीको पनि अनुमान गरिएको छ। यसले योजनामा परिकल्पित गरे अनुसारको मागको परिपूर्तिका लागि निर्माण, निर्माता र उत्पादक कम्पनीहरूले आफ्नो क्षमतालाई कति विस्तार गर्नु पर्छ भन्ने खाका दिनेछ। त्यसैगरी योजना कार्यान्वयनमा आवश्यक पर्ने जनशक्तिको पनि आँकलन गरिएको छ। यसले शैक्षिक, व्यावसायिक र प्रशिक्षण संस्थाहरूलाई यी जनशक्तिको उत्पादनको लागि अभिप्रेरीत गर्नेछ।




यस योजनाको स्वीकृति पछि, नेपाल सरकारले पहिलो चरणको कार्यक्रम ल्याउनेछ। यसले सबै सरोकारवालाहरू लाई प्रभावकारी र समन्यायिक उपायमा नेपाली जनतालाई खानेपानी र सरसफाइको सेवा प्रदान गर्न एकत्रित क्षेत्र तर्फ ल्याउनेछ। अर्को चरण भनेको आवश्यक गतिविधिहरूको पहिचान गर्न उप-क्षेत्रीय कार्य योजनाहरू लाई विस्तार गर्नु हो, र लगानीको आवश्यकता देखाउने निवेश योजना बनाउनु हो।

यस क्षेत्र विकास योजनाको लगानी संरचनालाई विश्वव्यापी प्रवृत्ति संग दाँजेर हेर्दा पूर्णतया बिपरित परिदृष्य देखा पर्दछ। अर्थाद्, औसतमा अन्य मुलुकहरुको 'खासस्व' क्षेत्रगत लगानीमा बजेटरी र उपभोक्ता अंश को संरचना ३४:६६ रहेको देखिन्छ (GLAAS 2016/17 Country Survey) भने यस योजनाको लगानी संरचना झट्ट हेर्दा ठ्याक्कै उल्टो (६६:३४) देखिएतापनि बजेटरी अंशलाई घटाउन यस योजनामा विविध विधि एबम संरचनाहरू प्रस्तावित गरिएका छन्।




Sources: GLAAS 2016/2017 country survey; TrackFin Ghana and Mali studies, 2017.




क्षेत्र विकास योजनाको लागि आवश्यक सरकारी बजेट

अर्को तर्फ (GLAAS 2016/17 Country Survey) ले नै के देखाएको छ भने नेपाल 'खासस्व' क्षेत्रमा प्रतिव्यक्ति अति न्यून लगानी गरिरहेका मुलुक मध्येमा पर्दछ।




Sources: GLAAS 2016/2017 country survey; TrackFin, 2017 where indicated with an asterisk (*).

**क्षेत्र विकास योजना कार्यान्वयन गर्न आवश्यक श्रमिक र निर्माण सामाग्रीहरुको आँकलन**

| सि. नं. | सामाग्री | एकाइ | २०२० | २०२५ | २०३० | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ढुङ्गा | घ.मी. | ९११८७३९ | ४३५३४६ | ५४१६११ | १८९५६९६ |
| २ | गिट्टी | घ.मी. | ५२२७६७ | ५५७३३८ | ६०९८५६ | १६८९९६२ |
| ३ | खस्रो बालुवा | घ.मी. | ५९८२३७ | ४७०८३६ | ५१७३९५ | १५७७४६९ |
| ४ | सिमेन्ट | बोरा | ६५४६०५० | ६०८४११६ | ६५९१५२१ | १९२२१६८७ |
| ५ | टोर फलामे छड | कि.ग्रा. | ६५११८५१६ | ८४५२७८४२ | ८३७३९०४७ | २३३३८५४०५ |
| ६ | सीपयुक्त श्रमिक | संख्या | ५८६४२४४ | ५१४८५५४ | ४९४५५५१ | १५९५८३४९ |
| ७ | ज्यामी | संख्या | ४८३४२३२७ | २१४८८३३९ | २११४३९६८ | ९०९७४६३३ |
| ८ | प्लाष्टिक पाइप | मि. | ८२५६४८११ | ३६२१६९२८ | २६६५८४१५ | १४५४४०१५४ |
| ९ | धातु पाइप | मि. | १७९८८९२० | ९९६८९२८ | ९०७९९०६ | ३७०३७७५४ |
| १० | फिटिङ्ग्स् | संख्या | ४०३४६३२ | १५०३५९९ | १२४७८२० | ६७८६०५० |

**प्रणालीहरूको सञ्चालनार्थ आवश्यक मानव संसाधनको आँकलन**

| मानव संशाधन विवरण | आवश्यक संख्या | मानव संशाधन विवरण | आवश्यक संख्या |
|---|---|---|---|
| **क) प्राविधिक** | | **ख) प्रशासनिक** | |
| ग्रामीण मर्मत सम्भार कार्यकर्ता (हालको संख्या १३३१५ ( NMIP तथ्यांक २०६८) | २८४९३ | कार्यालय सहयोगी | १००० |
| मिटर रिडर | २१०० | कार्यालय सहायक | १०५० |
| खानेपानी तथा सरसफाइ प्राविधिक | ५२५० | स्टोर कीपर | १०५० |
| प्लम्बिङ निरीक्षक | १०५० | राजश्व सहायक | १५५० |
| सब-ईञ्जिनीयर / ओभरसीयर | ८५० | लेखापाल | १०५० |
| सिभिल ईञ्जिनीयर | ३०० | | |

# संक्षिप्त नाम

| छोटकरी रूप | अंग्रेजी पूरा रूप | नेपाली पूरा रूप |
|---|---|---|
| ADB (एडिबि) | Asian Development Bank | एसियाली विकास बैंक |
| BBB | Build Back Better | पहिलाको भन्दा अझै राम्रो बनाउने |
| CSR | Corporate Social Responsibility | ब्यावसायिक सामाजिक उत्तरदायित्व |
| DCC (जिसस) | District Coordination Committee | जिल्ला समन्वय समिति |
| DoLIDAR (डोलिडार) | Department of Local Infrastructure Development and Agricultural Roads | स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग |
| DUDBC | Department of Urban Development and Building Construction | शहरी विकास तथा भवन निर्माण विभाग |
| DWSS (खापाढनिबि) | Department of Water Supply and Sewerage | खानेपानी तथा ढल निकास बिभाग |
| DWSSM (खापाढव्यबि) | Department of Water Supply and Sewerage Management | खानेपानी तथा ढल व्यवस्थापन बिभाग |
| GESI (लैससास) | Gender Equality & Social Inclusion | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| GIS | Geographical Information System | भू-सूचना प्रणाली |
| GoN | Government of Nepal | नेपाल सरकार |
| GPS | Geographical Positioning System | भौगोलिक अवस्थिति प्रणाली |
| JMP | Joint Monitoring Programme | संयुक्त अनुगमन कार्यक्रम |
| HLM | High Level Meeting | उच्च स्तरीय बैठक |
| JICA | Japan International Cooperation Agency | जापान अन्तर्राष्ट्रिय सहयोग संस्था |
| KUKL (काउखालि) | Kathmandu Upatyaka Khanepani Limited | काठमाडौं उपत्यका खानेपानी लिमिटेड |
| MAF | Millenium Acceleration Framework | सहश्राब्दी लक्ष्य द्रूत खाका |
| M & E | Monitoring and Evaluation | अनुगमन तथा मूल्यांकन |
| MoWSS (खापासम) | Ministry of Water Supply and Sanitation | खानेपानी तथा सरसफाइ मन्त्रालय |
| MoWS (खापाम) | Ministry of Water Supply | खानेपानी मन्त्रालय |
| NMIP | National Management Information Programme | राष्ट्रिय व्यवस्थापन सूचना कार्यक्रम |
| NWSC | Nepal Water Supply Corporation | नेपाल खानेपानी संस्थान |
| PID | Project Implementation Directorate | आयोजना कार्यान्वयन निर्देशनालय |
| PPMS | Project Performance Management System | आयोजना कार्यसम्पादन व्यवस्थापन प्रणाली |
| RVWRMP | Rural Village Water Resources Management Project | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना |

| | | |
|---|---|---|
| SACoSan (साकोसान) | South Asian Conference on Sanitation | दक्षिण एसियाली सरसफाइ सम्मेलन |
| SDGs | Sustainable Development Goals | दिगो विकासका लक्ष्यहरु |
| SEIU | Sector Efficiency Improvement Unit | क्षेत्रगत क्षमता अभिवृद्धि एकाइ |
| SWA | Sanitation and Water for All | सबैकालागि सरसफाइ र पानी |
| UNICEF | United Nations Childrens' Fund | संयुक्त राष्ट्र संघीय बाल कोष |
| VDC (गा.बि.स.) | Village Development Committee | गाउँ विकास समिति |
| WatSan | Water Supply and Sanitation | खानेपानी तथा सरसफाइ |
| WaSH (खासस्व) | Water supply, Sanitation and Hygiene | खानेपानी, सरसफाइ तथा स्वस्थ-आनीबानी (खासस्व) |
| WB | World Bank | विश्व बैंक |
| WHO | World Health Organization | विश्व स्वास्थ्य सङ्गठन |
| WPE | Women, Poor and Excluded | महिला, गरीब तथा छाडिएका वर्ग |
| WSMB | Water Supply Management Board | खानेपानी व्यवस्थापन वोर्ड |
| WSM | Water Safety Measures | खानेपानी सुरक्षा उपायहरु |
| WSP | Water Safety Planning | खानेपानी सुरक्षा योजना विधि |
| WSSP | Water Supply & Sanitation Project | खानेपानी तथा सरसफाइ योजना |
| WSSDO (खापाडिका) | Water Supply & Sanitation Division Office | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय |
| WSSSDO (खापासडिका) | Water Supply & Sanitation Sub-division Office | खानेपानी तथा सरसफाइ सव-डिभिजन कार्यालय |
| WUA | Water Users' Association | खानेपानी उपभोक्ता संस्था |
| WUSC | Water Users' and Sanitation Committee | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति |
| WUMP | Water Use Master Plan | जल उपयोग गुरु योजना |

# विषय सूची


**विषय सूची** **पृष्ठ**

खानेपानी मन्त्रालयका माननीय मन्त्रीज्यूको मन्तब्य
खानेपानी मन्त्रालयका सचिवज्यूको मन्तब्य
धन्यवाद ज्ञापन
संक्षिप्त नाम
संक्षिप्त झलक
सार–संक्षेप

**अध्याय एक: परिचय** **१**
१.१ सिंहावलोकन १
१.२ विकासको सन्दर्भ १
१.३ क्षेत्र विकास योजनाको कार्य क्षेत्र २
१.४ पद्धति र विधि २
१.५ प्रतिवेदनको संरचना २

**अध्याय दुइ: नेपालमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वर्तमान अवस्था** **४**
२.१ क्षेत्रगत परिवेश ४
२.२ क्षेत्रगत सबल पक्षहरू ४
२.३ क्षेत्रगत अवस्था ५
२.३.१ खानेपानी ५
२.३.२ सरसफाइ ६
२.३.३ स्वच्छता एबम् स्वस्थ-आनीबानी ७
२.४ क्षेत्रगत विशिष्ट उपलब्धिहरू ९
२.५ क्षेत्रगत चुनौतिहरू ११

**अध्याय तीन: 'खानेपानी, सरसफाइ तथा स्वस्थ-आनीबानी (खासस्व) क्षेत्रको नीति तथा कानुनी व्यवस्था** **१४**
३.१ नेपालको संबिधान १४
३.२ राष्ट्रिय योजना तर्जुमाको खाका १५
३.३ क्षेत्रगत नीति र कानुनी खाका १५
३.४ अन्तर्राष्ट्रिय प्रतिवद्धता र सम्बन्ध १६
३.४.१ सरसफाइ र सबैका लागि पानी १६
३.४.२ दक्षिण एसियाली सरसफाइ सम्मेलन १६
३.४.३ संयुक्त अनुगमन कार्यक्रम १६
३.४.४ सहश्राब्दी विकास लक्ष्य १६
३.४.५ दिगो विकासका लक्ष्यहरू १७
३.४.६ विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ खाका १८

**अध्याय चार: वर्तमान संस्थागत व्यवस्था** **१९**
४.१ मुख्य संस्थाहरू १९
४.१.१ संघीय बिषयगत मन्त्रालय एबम् मातहतका बिभागहरू १९

४.१.२ प्रादेशिक भौतिक पूर्वाधार बिकास मन्त्रालय एबम् मातहतका डिभिजन कार्यालयहरू २१
४.१.३ स्थानीय तह २१

**विषय सूची** **पृष्ठ**


४.१.४ खानेपानी उपभोक्ता संस्था, खानेपानी ब्यबस्थापन बोर्ड/समिति तथा खानेपानी संस्थान २९
४.१.५ गैरसरकारी तथा नागरिक संस्थाहरू २२
४.१.६ निजी क्षेत्र २३
४.१.७ विकास साझेदारहरू २३
४.१.८ अन्तर्राष्ट्रिय गैर सरकारी संस्था २३
४.२ 'खासस्व' समन्वय समितिहरू २४
४.३ खासस्व प्रणाली संचालनका संस्थागत मोडेलहरू २४
४.४. 'खासस्व' सेवाका मौजुदा सेवा प्रदायकहरु २४
४.४.१ खानेपानी व्यवस्थापन बोर्ड २४
४.४.२ नेपाल खानेपानी संस्थान २५
४.४.३ खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरू २५
४.५ खानेपानी तथा ढल व्यवस्थापन विभाग २६

**अध्याय पाँच: 'खासस्व' का अन्तर्निहित सिद्धान्तहरू २७**

५.१ क्षेत्रगत सुशासनमा सुधार २७
५.२ सरकारको नेतृत्व २७
५.३ मानव अधिकारमा आधारित पद्धति २८
५.४ लैङ्गिक समानता र सामाजिक समावेशिता २८
५.५ समायोजन २९
५.६ विकेन्द्रित योजना २९
५.७ जलवायु परिवर्तन र विपद जोखिम ब्यबस्थापन २९
५.८ क्षेत्रगत एकत्रीकरण २९

**अध्याय छ: क्षेत्रगत दूरदृष्टि (सोंच), परिलक्ष्य र उद्देश्यहरू ३१**

६.१ क्षेत्रगत सोच तथा परिलक्ष्य ३१
६.२ क्षेत्रगत बिकास योजनाका उद्देश्यहरू ३१
६.३ क्षेत्र विकास योजनाको समयावधि ३२

**अध्याय सात: खानेपानी, सरसफाइ प्रणाली तथा सेवाको स्तर वर्गीकरण ३३**

७.१ सेवा क्षेत्रहरूको वर्गीकरण ३३
७.१.१ ग्रामीण क्षेत्र ३३
७.१.२ शहरी क्षेत्र ३३
७.२ खानेपानी तथा सरसफाइ प्रणाली वर्गीकरण ३३
७.३ खानेपानी तथा सरसफाइ सेवाको स्तर वर्गीकरण ३६
७.३.१ खानेपानी सेवाको स्तर वर्गीकरण ३६
७.३.२ सरसफाइ सेवाको स्तर वर्गीकरण ३६

**अध्याय आठ: क्षेत्रगत विकास योजनाका विषय शीर्षकहरू ३९**

८.१ सेवामा पहुँच र उपयोग (खपत) ३९
८.१.१ आधारभूत सेवाको पहुँचमा सुधार ३९
८.१.२ सेवा उपयोग (प्राप्त लाभको उपयोग) ४०

८.१.३ खानेपानी सुरक्षा एबम खानेपानीको गुणस्तर सुधार ४०

**विषय सूची** **पृष्ठ**


८.२ सेवा सुचारूपन र दिगोपना ४१
८.२.१ प्रणाली र सेवाहरूको बेञ्चमार्किङ्ग ४१
८.२.२ प्रणालीहरूको सुचारूपन / दिगोपनामा सुधार ४२
८.३ नवीनता तथा प्रविधि अनुकूलन ४५
८.३.१ नवीनता, सिकाइ र अनुसन्धान तथा विकास ४५
८.३.२ वैकल्पिक प्रविधिहरू ४५
८.३.३ सौर्य पम्पिङ ४६
८.४ पर्यावरणीय संरक्षण तथा खानेपानी उत्पादन वृद्धि ४७
८.४.१ नदी तथा जलाशय पर्यावरण व्यवस्थापन ४७
८.४.२ श्रोतको सुरक्षा, संरक्षण र खानेपानी उत्पादन वृद्धि ४८
८.४.३ पानी उत्पादन ४९
८.५ पानी सुशासन, संस्थागत प्रबन्ध तथा क्षमता विकास ५०
८.५.१ पानी सुशासनका आयामहरू ५०
८.५.२ खानेपानी तथा सरसफाइ नीति, ऐन र नियमावलीको विकास ५२
८.५.३ संस्थागत व्यवस्था तथा सबलीकरण ५३
८.५.४ स्थानीय संस्थाहरूको प्रभावकारी शासन र ब्यबस्थापनमा सुधार ५५
८.५.५ क्षेत्रगत क्षमता ५७
८.६ 'खासस्व' कूटनीति तथा क्षेत्रगत एकत्रीकरण ५९
८.६.१ 'खासस्व' कूटनीति ५९
८.६.२ समन्वय ५९
८.६.३ सञ्जाल ६३
८.६.४ सञ्चार ६४
८.६.५ सम्बर्धन र प्रवर्द्धन ६५
८.६.६ क्षेत्रगत एकत्रीकरण ६५
८.७ अनुगमन तथा मूल्याङ्कन ६७
८.७.१ प्रमुख कार्य सम्पादन सूचकहरू ६७
८.७.२ सूचना व्यवस्थापन प्रणाली तथा प्रतिवेदन ६७
८.८ निरन्तर गुणस्तर तथा सेवा सुधार ६८
८.८.१ मानकीकरण ६८
८.८.२ सेवाको गुणस्तर सुधार ६८
८.८.३ निर्माण गुणस्तर सुधार ६९
८.८.४ क्षेत्रगत नियमन र राष्ट्रिय जवाफदेहिता संयन्त्रको आवश्यकता ७०
८.८.५ प्रणाली अनुरुपण ७१
८.८.६ राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुपालन ७१
८.८.७ पूर्ण सरसफाइ र स्वच्छता बानी–व्यवहार ७२
८.८.८ शहरी क्षेत्रका सरसफाइ प्रणालीहरूमा सुधार ७३
८.८.९ सामुदायिक संस्था र सार्वजनिक स्थलहरूमा 'खासस्व' सुविधाको प्रबन्ध ७६
८.८.१० शहरी सरसफाइ सेवाहरूको लागि संस्थागत व्यवस्था ७८

**विषय सूची** **पृष्ठ**


८.९ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण ८०
८.१० विशेष परिस्थितिमा खानेपानी, सरसफाइ तथा स्वच्छता ८१
८.११ क्षेत्रगत लगानी ८३
८.११.१ पृष्ठभूमी ८३
८.११.२ क्षेत्रगत लगानी रणनीति ८४
८.११.३ खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा लगानीका चुनौतिहरू ८८
८.११.४ क्षेत्रगत लगानीका सन्दर्भमा महत्वपूर्ण सिकाइ र केही तथ्यहरू ८९
८.११.५ व्यावशायिक सामाजिक जिम्मेदारी ८९
८.११.६ लगानी तथा बजारीकरण ९०
८.११.७ लागत साझेदारी, लागत उठती तथा वित्तीय दिगोपन ९१

**अध्याय नौ : क्षेत्र विकास योजनाको लागत अनुमान तथा लगानी योजना ९३**

९.१ एकाइ दर ९३
९.२ लागत अनुमान ९३
९.३ लगानी योजना ९८
९.४ क्षेत्र विकास योजना कार्यान्वयनको लागि आवश्यक निर्माण सामग्री तथा श्रमिकहरूको अनुमानित विवरण ९९
९.५ खानेपानी आयोजना सञ्चालनको लागि आवश्यक जनशक्ति ९९

**अध्याय दस : क्षेत्रगत विकास योजना कार्यान्वयन १००**

१०.१ पहिलो चरण (२०१७–२०२२) १००
१०.१.१ अवधारणागत चरण (२०१७-२०१९) १००
१०.१.२ स्थानीय 'खासस्व' योजना निर्माण १०१
१०.१.३ पहिलो चरणको लागि बाह्य सहायता तथा सहकार्य संझौता १०१
१०.१.४ कार्यान्वयन चरण (२०१७ – २०२२) १०१
१०.२ दोस्रो चरण (२०२३–२०२६) १०२
१०.३ तेश्रो चरण (२०२७–२०३०) १०२
१०.४ सञ्चालनको वार्षिक योजना – वार्षिक विकास योजना १०२
१०.५ सभावित जोखिम र न्यूनीकरणक उपायहरू १०२
१०.६ समीक्षा र संशोधन १०३
१०.६.१ क्षेत्रगत कार्यसम्पादन १०३
१०.६.२ वार्षिक समीक्षा १०३
१०.६.३ मध्यावधि समीक्षा १०३
१०.६.४ क्षेत्र विकास योजनाको संशोधन १०४

**अध्याय एघार : भोलिको पानी १०५**

११.१ ताजा पानीको विश्वव्यापी परिदृश्य १०५

११.१.१ ताजा पानीको भण्डार १०५

११.१.२ ताजा पानीको भविष्य १०५

११.२ पानीको निर्यात : संभाव्यता, बजार र निर्यातका तौर तरिकाहरू १०६

११.२.१ पानी निर्यातको संभावना १०६

११.२.२ पानी निर्यातको लागि बजार १०६

११.२.३ पानी निर्यातका तौर तरिकाहरू १०७


**विषय सूची** **पृष्ठ**


११.३ थोक पानी उत्पादन र वितरण १०९

११.४ बेसिन स्थानान्तरण र जलाशययुक्त भण्डारण ११०

११.५ सरसफाइ श्रृङ्खला १११


**अनुसूचीहरू**


१. खानेपानी सरसफाइ क्षेत्र सम्बन्धित ऐन कानुन, नीति र सहयोगी दस्तावेजहरूको सूची

२. 'खासस्व' योजनाको पहिलो चरणमा संघीय तहबाट खानेपानीको सेवास्तर सुधार गरिने संभाव्य प्रणालीहरू

३. खानेपानी सरसफाइ क्षेत्रमा कार्यरत संस्थाहरूको बिवरण

४. नेपालको नक्सामा खानेपानी सरसफाइ क्षेत्रमा कार्यरत संस्थाहरूको अबस्थिति

५. पूर्व-पश्चिम थोक खानेपानी बितरण प्रणालीको मोटामोटी प्रोफाईल

६. पूर्व-पश्चिम थोक खानेपानी बितरण प्रणालीको पानीका श्रोतहरू सहितको मोटामोटी लेआउट नक्सा

७. क्षेत्र विकास योजनाको बिषय शीर्षकगत बिस्तृत लागत अनुमान विवरण

८. क्षेत्र विकास योजनाको बिषय शीर्षकगत लागत अनुमानको साराँश

## तालिकाहरुको सूची

तालिका १ : समयक्रममा आधारभूत खानेपानी तथा सरसफाइ सेवामा आएको प्रगतिको प्रवृत्ति
तालिका २ : खानेपानी तथा सरसफाइमा अधिकार सम्बन्धी गलत धारणा
तालिका ३ : 'खासस्व' संस्थागत मोडेलहरु
तालिका ४ : क्षेत्रगत योजनाको अवधि र लक्ष्यहरु
तलिका ५ : प्रणालीको वर्गीकरण र भूमिका विवरण
तालिका ६ : खानेपानी सेवाको स्तर बर्गीकरण
तालिका ७ : मानवको लागि बाँच्नको लागि खानेपानी आवश्यकता (प्रति व्यक्ति)
तालिका ८ : मानवको लागि आधारभूत खानेपानी आवश्यकता (प्रति व्यक्ति)
तालिका ९ : सरसफाइ सेवाको स्तर बर्गीकरण
तालिका १० :'खासस्व' सेवाहरुको सम्बन्धमा भएका संवैधानीक प्रावधानहरु
तालिका ११ : क्षेत्रगत निर्देशक एबम् समन्वय समितिहरु
तालिका १२: वर्तमान मूल्यमा क्षेत्र विकास योजनाको लागत अनुमान
तालिका १३: बार्षिक ९.५ % मुद्रा स्फितिमा क्षेत्र विकास योजनाको लागत अनुमान
तालिका १४: बार्षिक ९.५ % मुद्रा स्फितिमा क्षेत्र विकास योजनाको लागि आवश्यक बजेट
तालिका १५: 'खासस्व' क्षेत्र (फोहर मैला बाहेक) को बजेटमा दातृसमुदाय तथा नेपाल सरकारको योगदान
तालिका १६: क्षेत्र विकास योजना कार्यान्वयनको लागि आवश्यक निर्माण सामग्री तथा श्रमिकहरूको अनुमानित विवरण
तालिका १७: क्षेत्र विकास योजनाको अन्त्यमा खा.पा.आ. सञ्चालनको लागि आवश्यक जनशक्ति
तालिका १८: योजना कार्यान्वयनका जोखिम र न्यूनीकरणका उपायहरु
तालिका १९: नेपाल र वरपरका क्षेत्रहरूको आन्तरिक रूपमा नविकरणीय जलश्रोतहरूको स्थिति (IRWR)
तालिका २०: प्रतिव्यक्ति पानी उपलव्धताका आधारमा पानी जन्य तनाव अवस्थाको वर्गीकरण
तालिका २१: सरसफाइका श्रृङ्खलाहरू

## चित्रहरुको सूची

चित्र १ : खानेपानीको पहुँचको प्रवृत्ति
चित्र २ : जिल्लागत रूपमा खानेपानीको सेवाको पहुँच
चित्र ३ : सरसफाइमा हासिल प्रगतिको प्रवृत्ति
चित्र ४ : खुला दिसा मुक्त अबस्थाको घोषणा भएको समयक्रमानुसार जिल्लाहरू
चित्र ५ :  शहरी सरसफाइ सेवामा पहुँच %
चित्र ६ : खानेपानी प्रणालीहरुकोसुचारुपना र दिगोपना
चित्र ७ : नेपालको  शहरीकरण गति
चित्र ८  क्षेत्रगत कानुनी एवम् नीतिगत खाका
चित्र ९ : खानेपानी तथा सरसफाइमा दिगो विकास लक्ष्यहरु
चित्र १०: प्रस्तावित 'खासस्व' संस्थागत खाका
चित्र ११: खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको प्रस्तावित न्यूनतम साङ्गठगिक संरचना
चित्र १२: 'खासस्व' सुशासन खाका
चित्र १३: लैङ्गिक समानता तथा सामाजिक वहिर्करणका आयामहरु
चित्र १४: क्षेत्रगत शासकीय सुधार
चित्र १५: पानी सुशासनका आयामहरु
चित्र १६: संघीय प्रणालीमा प्रस्तावित 'खासस्व' संस्थागत संरचना र कार्य विबरण
चित्र १७ : बिपत जोखिम व्यवस्थापन चक्र
चित्र १८ : 'खासस्व' क्षेत्रको बजेट विनियोजनको प्रवृत्ति
चित्र १९: योजनाका विभिन्न बिषय शीर्षकहरूको लागतको तुलनात्मक चित्र
चित्र २०: योजना कार्यान्वयनको लागि प्रत्येक चरणमा आवश्यक बजेट
चित्र २१: क्षेत्र विकास योजनाको आवश्यक बजेट तथा हालको बजेट विनियोजन पवृत्ति अनुसारको हुने कमी
चित्र २२: क्षेत्रगत विकास योजना शुरुवातको अवधारणागत स्कीम